# सहकारीको नियामकीय मार्गचित्र
# र
# साकोस रुपान्तरण

**डा. रमेश चौलागाईं**
विज्ञ सदस्य
राष्ट्रिय सहकारी नियमन प्राधिकरण


# एजेण्डा

- प्राधिकरणका म्याण्डेट
- प्राधिकरणको वर्तमान
- प्राधिकरणको नियामकीय मार्गचित्र
- सहकारीका समसामयिक चर्चा
- सहकारीका केही चिन्ता
- नियामकीय मापदण्ड र परिपालना
- अबको बाटो

# प्राधिकरणका म्याण्डेट

**<u>बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारीको</u>**

- नियमन
- सुपरिवेक्षण र सोको कार्यान्वयन
- सहकारीका सदस्यको बचत संरक्षण



# प्राधिकरण गठनको आधार

**सहकारी विभाग-२०५८**

- २१ वटा बचत तथा ऋण सहकारीबाट १५ करोडभन्दा बढी रकम हिनामिना,

**नेपाल सरकारको वार्षिक बजेट तथा कार्यक्रमः** २०६०/०६१

- 'नेपालका कतिपय सहकारीले गैर सदस्यसंग समेत बचत संकलन गर्न थालेको'।
- २०६१/०६२ को बजेटः वित्तीय सहकारी संस्थाहरूलाई वित्तीय प्रणालीको दायरामा ल्याउने, **नियमन गर्ने र सुपरिवेक्षण गर्ने संस्थागत व्यवस्था** गरिने ।

- **सहकारी विभाग र नेपाल राष्ट्र बैंकः करीव १३५ सहकारीको सुपरिवेक्षणः २०६६ माघ-२०६९ कार्तिक**
  - धेरैजसो सहकारीको सुशासनको दुरूह अवस्था
  - प्रतिवेदन कार्यान्वयनको अवस्था निम्छरो ।

# प्राधिकरण गठनको आधार

- **बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग-२०७०**
  - १३० वटा सहकारीबाट करीव ११.४ अर्व रूपैयाँ बचत संकटमा
- २०६१ सालदेखिका विभिन्न आयोग, समिति, कार्यदलका प्रतिवेदन
- बचत फीर्ता सम्बन्धी माग राखि आन्दोलनरत समूहसंग सम्झौता
- ८ पटकको बजेट तथा कार्यक्रम, १२ पटकको मौद्रिक नीति
- **सहकारी सम्बन्धमा संसदीय छानबिन विशेष समिति, २०८१**
  - ४० वटा सहकारी: ७१ अर्व रूपैयाँ बचत संकटमा
- Financial Action Task Force (FATF) ले नेपाललाई ग्रे लिष्टमा

# प्राधिकरणको वर्तमान

- जारी भएका नियमन
  - नियामकीय मापदण्ड,
  - साधारण सभा सञ्चालन निर्देशन
  - सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी निर्देशन
- स्थितीपत्र
- आईक्यानसंग एम.ओ.यू.
  - Policies and On-Site Supervision
- उजुरी व्यवस्थापन
- समस्याग्रस्त सहकारी घोषणा गर्न सिफारिस
- जनशक्ति व्यवस्थापन
  - ओ.एन.एम., कर्मचारी प्रशासन विनियमावली
- सहकारी संस्था दर्ता अभिलेखीकरण (सफ्टवेयर)
  - Monitoring and Classification of cooperatives

# प्राधिकरणको नियामकीय मार्गचित्र

- सुपरिवेक्षण
  - ठूला कारोवार, उजुरी र विशेष सूचनामा आधारित सहकारी
  - अनलाईन सुपरिवेक्षण
  - विनियमावली,
  - नेपाल राष्ट्र बैंक, आईक्यान र अन्य संस्थाको सहयोग
  - सहकारीका संघहरुको सहयोग
- प्राथमिकता
  - स्वनियमन
  - सहकारीको जोखिम व्यवस्थापन
  - सहकारीका बचतकर्ताको बचत सुरक्षा

# सहकारी नियमनको मोडेल




**डा. रमेश चौलागाईं, राष्ट्रिय सहकारी नियमन प्राधिकरण-२०८२**

# सहकारीका समसामयिक चर्चा

- एक प्रतिशतभन्दा कम सहकारीमा मात्रै हो संकट?
  - सहकारी सम्बन्धी संसदीय छानवीन समितिको प्रतिवेदन
- ऋण तिर्न बाधा पुर्याउने वा नतिर्न उक्साउने प्रवृत्ती
- सहकारी संघ र संस्था एउटै हो कि अलग?
- सम्पत्ती शुद्धिकरणको सम्भावना (Gray List)
- व्यक्तिगत र घरायसी तवरले वित्तीय कारोवार
- कमजोर व्यवसायिकरण

# सहकारीका समसामयिक चर्चा

- बहुनियामकीय व्यवस्थाः
  - मन्त्रालय, प्राधिकरण, विभाग, नेपाल राष्ट्र बैंक, प्रदेश तथा स्थानीय सरकार

- सहकारी ऐन, २०७४ को दफा ९५ (१), १५० (३), (५) र (७): **सहकारी विभाग**
- सहकारी ऐन, २०७४ को दफा ९५ (२), १५० (६) र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ (च१) र (च२): **नेपाल राष्ट्र बैंक**
- सहकारी ऐन, २०७४ को दफा १०३ (क): **सहकारी नियमन प्राधिकरण**
- सहकारी ऐन, २०७४ को दफा १५० (२) र (४): **प्रदेश सरकार**
- सहकारी ऐन, २०७४ को दफा १५० (१): **स्थानीय तह**

# सहकारीका समसामयिक चर्चा

- प्राधिकरणमा नेपाल राष्ट्र बैंकको प्रभाव
  - नेपाल राष्ट्र बैंक वित्तीय क्षेत्रको ८०-८५ प्रतिशत हिस्साको नियामक
  - करीव १० प्रतिशतको सहकारी क्षेत्रको नियामक र अभियान
- कार्यकारी प्रमुखको कार्यकाल
- नियमनः सहजीकरण कि नियन्त्रण
- ठूला सहकारीका अधिक तरलता व्यवस्थापन र तरलता संकट मोचनको उपाय
- हामिले प्राधिकरणको माग गरेपछि हामिले भनेको मात्रै पो गर्नुपर्यो ।

# संघहरुको वित्तीय कारोवार?

- अस्पष्ट र अपर्याप्त कानूनी व्यवस्था
- सहकारी ऐन २०७४
  - दफा २ (फ): सहकारी संस्था भन्नाले संस्था, संघ र सहकारी बैंक
  - दफा २ (ब): सहकारी संघ भन्नाले तिन तहका ७ प्रकारका संघहरु
  - दफा ४, ५, ६, ७ र ८ ले संघहरुको कार्य:
    - **सहकारी व्यवसायको विकास, प्रवर्द्धन र वजारीकरणमा टेवा पुर्याउने**
- संघहरु
  - सहकारीका छाता र माथिल्ला संगठन
  - स्वनियमनमा बस्ने र बस्न सिकाउने संगठन
  - बाह्य नियमन आवश्यक नपर्ने ।
- वित्तीय कारोवारमा प्रतिवन्ध नभई व्यवस्थापन
- संघहरुको वित्तीय कारोवारको मोडल विकास गर्न आवश्यक
  - खुद्रा वा व्यक्तिगत, थोक, सिमित बैंकिङ वा अन्य

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

नेफ्स्कून

# नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

## प्रेस विज्ञप्ती

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको कारोबारलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी बनाउन मिति २०८२।०२।०९ मा जारी गरेको मापदण्डको सन्दर्भमा बचत ऋण सहकारी अभियानको गम्भीर ध्यानाकर्षण भएको छ । बचत तथा ऋण सहकारीको विश्वव्यापी मूल्य, मान्यता, सिद्धान्त र अन्तराष्ट्रिय अभ्यासका साथै तात्कालिन र विद्यमान कानुनका व्यवस्था समेतको बर्खिलाप हुने गरी जिल्ला, प्रदेश र केन्द्रीय संघहरुमा प्रारम्भिक संस्थाहरुले व्यवस्थापन गरेको तरलता रकमलाई जारी मापदण्डले निश्चित समयसीमाभित्र मात्रै तरलता गणना गर्न पाउने व्यवस्था गरेका कारण निकट भविष्यमा संघहरुको पुँजी परिचालन संकुचन भै समग्र बचत ऋण सहकारी अभियान धरासायी हुन जाने तर्फ हामी सचेत छौं । केन्द्रीय संघ सहित यसमा आबद्ध बचत ऋण सहकारीका ६९ संघहरुमा रहेको ९० अर्ब रुपैयाँ भन्दा बढी तरलता रकमको व्यवस्थापन गर्न दुई वर्षको समयसीमा तोकिएका कारण प्रारम्भिक संस्थाहरुमा अन्यौलता सिर्जना भएको छ । जारी मापदण्डले बचत तथा ऋण सहकारी संस्थाको तरलता आफ्नै संघहरु मार्फत परिचालन गर्ने अभ्यासलाई कमजोर बनाई सहकारीको पूँजि र ऐक्यबद्धतालाई विचलित गराउने कार्यमा प्रसय गर्नुका साथै संघहरुले आफ्ना सदस्य संस्थाहरुको प्रवर्द्धन, विकास र संस्थागत दिगोपनाका लागि खेलेको अहम् भूमिकालाई समेत नजरअन्दाज गरी अभियानलाई हतोत्साहित गर्ने प्रयास गरेको देखिएको हुँदा विद्यमान कानुनी व्यवस्था मार्फत संघ/संस्थाहरुलाई प्रद्धत्त अधिकार कुण्ठित भएको ठहर्छ । बचत ऋण सहकारीमा आबद्ध ५९ लाखभन्दा बढी व्यक्तिगत सदस्यहरुमा पुगेको वित्तीय पहुँच र पुँजी परिचालन संकुचित हुने गरी जारी मापदण्ड तत्काल परिमार्जन गर्न बचत ऋण सहकारी अभियानको तर्फबाट यस संघ जोडदार माग गर्दछ । बचत ऋण सहकारी अभियानलाई सुरक्षित र व्यवस्थित गर्न संघले जारी गरेको यस विज्ञप्तीको आधारमा दवाव सृजना गर्न सम्वन्धित सबैमा आग्रह गर्दछौं । यस सन्दर्भमा २०८२ जेष्ठ २३ गते काठमाडौंमा हुने राष्ट्रिय ऐक्यबद्धता भेलामा उपस्थित भै बचत ऋण सहकारी अभियानको साझा धारणा निर्माण गर्न र थप दवावका कार्यक्रमहरु तय गरी निरन्तर खबरदारी र पैरवीमा साथ दिन यसै विज्ञप्ती मार्फत आव्हान गर्दछौं ।

हरि प्रसाद सुवेदी
कोशी प्रदेश बचत संघ

माधव प्रसाद जोशी
सुदुरपश्चिम प्रदेश बचत संघ

कृष्ण नपाल
लुम्बिनी प्रदेश बचत संघ

उद्धव सापकोटा
बागमती प्रदेश बचत संघ

चन्द्र प्रसाद ढकाल
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ

२०८२ ज्येष्ठ १४ गते

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१, ४७९३०७१, ४७९४५६९, इमेल : nefscun329@gmail.com
www.nefscun.org.np

# सहकारीका केही चिन्ता

- कर्जा लगानीको हकमाः
  - १, २५, ५० र १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्न कठीन?
- पूँजीकोषलाई आधार मानी बचत र ऋण लगानीको सीमा कायमः
- सदस्य बनेको ३/६ महिना पश्चात धितोमुखी र गैरधितोमुखी ऋण लगानीः
  - यसले सहकारीको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास ल्याउँछ?
- गैरबैंकिङ सम्पत्तीको कर्जा नोक्सानी व्यवस्था
  - धितो मुल्यांकनको अवस्था, ऋणीको व्यवसाय र आम्दानीको प्रस्ताव
  - यसको सम्भावित जोखिम हस्तारन्तरण कसलाई
- विनाधितो प्रवाह हुने रु.३ लाखको ऋण रकमको सीमा कमः
  - तर यसको जोखिम व्यवस्थापन कसरी?
- हुनुपर्नेः
  - सहकारीको वित्तीय जोखिम न्यूनीकरणमा **चिन्तन** र भएका व्यवस्थाको परिपालना

# नियामकीय मापदण्ड र परिपालना

- शतप्रतिशत ऋण नोक्सानी व्यवस्था गर्नुपर्ने थप अवस्था
  १) **तेश्रोपक्ष धितो**मा प्रवाह भएको ऋण
  २) **विनाधितो** प्रवाह भएको ऋण
  ३) **धितो सकार** गरेका सम्पत्ती (Non-Banking Assets)
  ४) **कार्यक्षेत्र बाहिरको सम्पत्ती धितो** लिई ऋण लगानी गरेमा
- ऋण लगानीको मुख्य चरित्र
  - प्रति सदस्य ऋण सिमा (SOL),
  - तेश्रोपक्ष धितो (TPC),
  - ऋण नोक्सानी व्यवस्था (LLP), 1%, 35%, 100%
  - गैरबैंकिङ सम्पत्तीको नोक्सानी व्यवस्था (LLP),
  - धितो राखेको सम्पत्ती मूल्यांकनको गुणस्तर, Institutional Valuator
  - धितो मुल्याँकनको FMV मा शतप्रतिशत ऋण लगानी
  - सिमित व्यक्ति र घरजग्गा लगायत अनुत्पादक क्षेत्रमा केन्द्रित
  - Overconfidence

# सहकारीका संघहरु सम्बन्धित

- बचत फीर्ता गर्न नसकेका सहकारीका हकमा संघहरुको धारणा र भूमीका के?
- संघका सञ्चालक समितिका व्यवसायिकताको विकास कति?
- वित्तीय कारोवारको मोडेल?
- संघहरुको वित्तीय मापदण्ड/मानदण्ड (PEARLS, MCI) र ऐनका विभिन्न व्यवस्थाको पालना कति?
- सुशासन (कानूनी शासन, पारदर्सिता र जिम्मेवारी) को स्तर कति?
- सञ्चालन इजाजतपत्रको आवश्यकता तर कमजोर नियमन व्यवस्थाको माग?

# अवको बाटो

- सहकारी मोडेल (उत्पादन, सेवा, वितरण र सिमित वित्तीय कारोवारमा केन्द्रित)
  - सदस्य केन्द्रियता र जवाफदेहिता
  - स्वनियमन/स्वमुल्यांकन र स्वजिम्मेवारी
  - कार्यक्षेत्र र कारोवारको सिमा
  - बाह्य नियमनको आवश्यकता नपर्ने
- सहकारीको बैंक मोडल (प्रादेशिक, संघीय)
  - सहकारी बैंकको मोडेल
  - विवेकशील नियमन तथा प्रभावकारी सुपरिवेक्षण
  - फराकिलो र लचिलो कारोवार (digitalization and optional lending)
- प्राधिकरणको एकद्वार प्रणालीबाट सहकारीको नियमन र सुपरिवेक्षण
- Fit and Proper Test र Prudential Regulation का आधारमा संघहरुको वित्तीय कारोवारको व्यवस्थापन
- धैर्यशील र फराकिलो वहस एवम् गहिरो अध्ययनको आवश्यकता

# धन्यवाद ।।